# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २९३ काठमाडौं बुधबार, ९ फागुन २०८० Prabhab National Daily Wednesday, February 21, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


कोशी प्रदेशको नाम विवाद

## अल्झाउने वार्ता, अल्मल्याउने सहमति

- प्रदेशको पुनः नामकरण गर्न पहल गर्ने सहमति तर एमालेसँग सम्वादहीनता
- एमाले सहमत भएमात्रै पुनः नामकरण, सहमत हुने सम्भावना न्यून
- सरकार र पहिचान पक्षधरको वार्ता अल्झाउने र अल्मल्याउने आधार



पहिचान पक्षधरहरूले आन्दोलनमा घाइते भएका र उनीहरूको उपचार खर्च बुझाउनुभएको छ । आन्दोलनको क्रममा मुद्दा लागेकाहरूको नाम पनि दिनुभएको छ । आजको वार्तामा छलफल हुन्छ । त्यसका लागि एउटा कार्यदल आवश्यक पर्ला ।

**कमल जबेगु, मन्त्री तथा संयोजक, सरकारी वार्ता समिति**

**■ जेबी योञ्जन**

**काठमाडौं–** प्रदेशको नाम 'कोशी' हटाएर पुनः नामकरण गर्न राजनीतिक पहल गर्ने प्रदेश सरकार र पहिचान पक्षधर संयुक्त संघर्ष समितिबीच सहमति भएपछि कोशी प्रदेश शान्त छ । विगतमा जस्तो कालो झण्डा देखाउने, प्रदर्शन गर्नेजस्ता गतिविधि प्रदेशमा छैन ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र सचिव योगेशकुमार भट्टराईसँगै प्रदेशका ८२ जना सांसद, त्यसमध्येकै मुख्यमन्त्री, मन्त्रीहरूलाई प्रदेशमा राजनीतिक गतिविधिमा सहज छ । यसअघि पहिचान पक्षधरले अवरोध सिर्जना गरिरहेको थियो । कोशीको तराई, पूर्वी र पश्चिम पहाडका जिल्लामा उनीहरू जाँदा पहिचान पक्षधरहरू अवरोध गर्थे । प्रदेशको पुनः नामकरणबारे सहमति हुने वातावरण बनाउन २६ माघमा सरकार सहमत भएपछि प्रदेश शान्त भएको हो ।

आन्दोलनरत पक्षबाट वार्तामा बसेका संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देनका अनुसार वार्ता अवधिभर आन्दोलन नगर्ने समझदारीको आधारमा विरोध र प्रदर्शन नगरिएको हो । आन्दोलन जारी राख्दा माहोल बिग्रिने भएकाले पनि मौन बसेको बताए । उनका अनुसार आज (बुधबार) पनि दुई पक्षीय वार्ता बस्दै छ । समय भने यकीन हुन बाँकी रहेको बताए ।

'आज बस्ने बैठकमा हामी निर्णायक रूमा प्रस्तुत हुन्छौं । तर, बैठकको समय तोकिन बाँकी छ,' उनले भने, 'हामी चुपचाप बसेका मात्रै हौं, माहोल बिग्रिन्छ भनेर ।'

(क्रमशः पृष्ठ २ मा)

### पहिचान पक्षधर रक्षात्मक !

तत्कालीन १ नम्बर प्रदेशले कोशी नाम पाएको एक वर्ष हुन एक साता बाँकी छ । गत वर्षको १७ फागुनमा तत्कालीन प्रदेशको संसद्बाट कोशी नाम दुईतिहाइ मतले पारित भएको हो । मतदान गर्ने दलहरूमा एमाले, कांग्रेस, माओवादी, राप्रपालगायत दलका ८२ जना सांसद थिए । जुन स्पष्ट दुईतिहाइ बहुमत हो ।

उक्त नामसम्बन्धी प्रस्तावमा एकीकृत समाजवादीका चारजना सांसदले मतदान गरेनन् । त्यही दिनदेखि पहिचान पक्षधर शक्तिहरू आन्दोलनमा गए । (क्रमशः पृष्ठ २ मा)

कांग्रेस महासमिति बैठक

# माओवादीप्रति आक्रामक नीति

## गगनलाई रोक्ने विश्वप्रकाशको दाउ



हामी भविष्यमा हुने आवधिक निर्वाचनहरु आफ्नै तागतमा एक्लै लड्ने छौं र हाम्रो मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न रूखमा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं ।

**■ गगन थापा**
**महामन्त्री**






गठबन्धन गर्ने या नगर्ने अथवा भएको गठबन्धनलाई निरन्तरता दिने या गठबन्धन छोड्नेजस्ता विषय व्यक्तिगत स्तरमा बन्ने मनोगत धारणाको भड्कावमा हुनुहुन्न । पार्टीले गहन छलफलबाट परिपक्व निर्णय लिनुपर्ने हुन्छ ।

**■ विश्वप्रकाश शर्मा**
**महामन्त्री**

**■ प्रभाव संवाददाता**

**ललितपुर–** गोदावरीको सन्राइज सम्मेलन केन्द्रमा जारी नेपाली कांग्रेसको महासमिति बैठकमा प्रस्तुत नीति प्रस्तावमा खासै नयाँपन नदेखिएको महासमिति सदस्यहरूले बताएका छन् । उपसभापति पूर्णबहादुर खड्काले प्रस्तुत गरेको नीति प्रस्तावमा कुनै पनि विषय नयाँ नभेटिएको महासमिति सदस्य बुद्ध लामाले बताए । 'नयाँपन केही देखिएन । पुरानै विषयहरू गोलमटोल राखिएका छन्,' लामाले भने ।

### माओवादीप्रति आक्रामक

मंगलबार सबैभन्दा सुरुमै उपसभापति खड्काले झण्डै तीन घण्टा लगाएर आफ्नो ४७ पृष्ठे नीति प्रस्ताव पेस गरेका थिए । खड्काले प्रस्तुत गरेको प्रस्तावमा अन्य दलसँगको सम्बन्ध शीर्षकमा कुनै दलप्रति दुश्मनीको साइनो नभएको उल्लेख गरेका छन् । 'नेपाली कांग्रेसको कुनै पनि दलप्रति विशेष आग्रहसहित मित्रवत् र कुनै दलप्रति दुश्मनीको साइनो छैन,' खड्काले भनेका छन् । कांग्रेसले स्थापना गरेको सामाजिक जग शीर्षकमा भने खड्काले सत्तासाझेदार दल माओवादी केन्द्रमाथि प्रहार गरेका छन् ।

माओवादी युद्धका कारण मुलुकको विकास यात्रा अवरुद्ध भएको उनले उल्लेख गरेका छन् । 'कथित र अनावश्यक सशस्त्र हिंसाको राजनीति सुरु भयो । सशस्त्र द्वन्द्वको नाममा फेरि अर्को दलदलको भासमा फस्यो । विकास र समृद्धिको यात्रा अवरुद्ध भयो,' खड्काले भनेका छन् ।

यतिमात्र हैन द्वन्द्वपीडितको न्यायिक निरूपणसँग सम्बन्धित विषयमा माओवादीमाथि खड्काले निर्मम आलोचना गरेका छन् । 'माओवादी हिंसाबाट पीडित पार्टीका हजारौं साथीहरूको पीडा र भावनालाई पार्टीको संरचनाभित्र उचित प्रतिनिधित्व गराउने व्यवस्था मिलाइने छ,' प्रस्तावमा भनिएको छ, 'माओवादी हत्या हिंसाको चपेटामा परी आमनागरिकसँगै सुरक्षा निकायका हजारौं व्यक्ति र सशस्त्र द्वन्द्वका पक्ष नै नरहेको तर विनाकारण जनधन गुमाउनुपरेका हिंसात्मक द्वन्द्वबाट पीडित निर्दोषहरूको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र प्रचलनहरूको प्रतिकूल नहुनेगरी न्यायिक निरूपण गरिने छ ।'

### दुई महामन्त्री एकअर्काको विरुद्ध

महासमितिको बैठकमा चुनावी गठबन्धन नगर्ने विषयमा जबरजस्त एजेण्डा बनेको छ । महामन्त्री गगन थापाले बैठकमा औपचारिक रूपमै चुनावी गठबन्धन नगर्ने संकल्प गर्नुपर्ने भन्दै प्रस्ताव राखेका हुन् । उपसभापति खड्काको प्रस्ताव गठबन्धनबारे मौन छ ।

थापाले भने अब कुनै पनि चुनावमा गठबन्धन गर्न नहुने प्रस्ताव महासमितिमा पेस गरेका छन् । 'कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचन पछाडि निश्चित साझा नीति तथा कार्यक्रममा बनाएर सरकार सञ्चालनका लागि अन्य दलसँग तालमेल गर्ने कुरा स्वाभाविक हुनसक्छ । तर, निर्वाचनपूर्वको गठबन्धन लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै नेपाली कांग्रेस यस महासमिति बैठकबाट पार्टीका सदस्यहरू, शुभेच्छुक तथा समर्थक र आमनागरिकलाई पूर्णविश्वास दिलाउँदै, दृढ संकल्प गर्छ- हामी भविष्यमा हुने आवधिक निर्वाचनहरू आफ्नै तागतमा एक्लै लड्ने छौं र हाम्रो मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न रुखमा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं,' थापाले भनेका छन् ।

सभापति देउवाले भने चुनावी गठबन्धनजस्तो विषय पार्टीको रणनीतिक विषय भएकोले पार्टीको नीतिमा अहिले नै राख्न नहुने बताएका थिए । सोमबार महासमिति बैठक उद्घाटन गर्दै देउवाले भनेका थिए, 'भविष्यमा राजनीतिक गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय तत्कालीन परिस्थितिमा निर्भर हुने भएको हुँदा पार्टीले तत्कालीन परिस्थितिअनुसार गठबन्धनको औचित्य सान्दर्भिकतालगायत विषयमा ठोस मूल्यांकन र छलफल गरी त्यसै बेलामा उचित निर्णय लिन सक्ने छ ।'

देउवाको अडानपछि पदाधिकारीबीच प्रस्ताव परिमार्जन गर्न बूढानीलकण्ठमा बैठक बसेको थियो । बैठकमा दुवै पक्षले आ-आफ्नो अडान राखेपछि गठबन्धन गर्ने नहुने शब्द हटाएर 'रुखमा मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं' मात्र राखिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## परराष्ट्र र श्रम मन्त्रालयबीचको द्वन्द्वले गुम्दै युरोपको रोजगारी

### मागपत्र प्रमाणीकरण समस्या अझै हटेन

**■ मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि युरोपका विभिन्न मुलुकबाट आएका मागपत्र प्रमाणीकरणको समस्या अझै समाधान हुन सकेको छैन । सम्बन्धित मुलुक हेर्ने नेपाली राजदूतावास वा कूटनीतिक नियोगबाट समयमै मागपत्र प्रमाणीकरण हुन नसके श्रम, रोजगार तथा सामाजिक मन्त्रालयले गर्ने कार्यविधि बनाइए पनि कार्यान्वयनमा नआउँदा समस्या कायमै रहेको छ ।

मागपत्र प्रमाणीकरणका सम्बन्धमा श्रम मन्त्रालयले 'वैदेशिक रोजगारसम्बन्धी जाँचबुझ र स्वीकृति गर्ने कार्यविधि, २०८०' जारी गरेपछि असन्तुष्ट रहेको परराष्ट्र मन्त्रालयले आवश्यक सहयोग र समन्वय नगर्दा युरोपबाट आएको १५ हजारभन्दा बढी मागपत्र थन्किएर रहेको श्रम मन्त्रालयका एक उच्च अधिकारीले बताए ।

राजदूतावासबाट युरोपका मागपत्र प्रमाणीकरणमा ढिलाइ हुँदा रोजगारीको अवसर गुम्न थालेको भन्दै १५ दिनभित्र सम्बन्धित मुलुक हेर्ने कूटनीतिक नियोगले प्रमाणीकरण नगरे श्रम मन्त्रालय आफैंले गर्नेगरी गत पुस १७ गते उक्त कार्यविधि जारी गरेको थियो । यद्यपि कार्यविधिअनुसार मागपत्र प्रमाणीकरणका




लागि श्रम मन्त्रालयले आवश्यक जाँचबुझ समिति बनाउने निर्णय कार्यान्वयनमा आउन सकेको छैन ।

मन्त्रालयका ती अधिकारीका अनुसार श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजत्वमा परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभागलगायतका निकायका उपसचिव सदस्य रहनेगरी समिति गठन गरिएको छ । तर पटक-पटक पत्राचार गर्दा पनि परराष्ट्रबाट प्रतिनिधि नपठाउँदा समितिले काम गर्न पाएको छैन ।

'दूतावासबाट समयमै काम हुन सकेन भनेर कार्यविधि ल्याइयो,' ती अधिकारीले भने, 'परराष्ट्रले सहयोग नगर्दा युरोपबाट आएका मागपत्र प्रमाणीकरण हुन सकेको छैन ।' यतिखेर रोमानियाको मात्रै छ हजारभन्दा बढी मागपत्र प्रमाणीकरणको पर्खाइमा रहेको उनले जानकारी दिए ।

मागपत्र प्रमाणीकरण समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्न परराष्ट्रमन्त्री एनपी साउद सकारात्मक भए पनि परराष्ट्रका अधिकारीहरू त्यस पक्षमा छैनन् । श्रम मन्त्रालयलाई सघाउनुभन्दा कूटनीतिक नियोगलाई आवश्यक जनशक्ति र स्रोतसाधन उपलब्ध गराउनुपर्ने पक्षमा परराष्ट्रका अधिकारीहरू देखिएका कारण युरोपको मागपत्र प्रमाणीकरणको अवस्था अझै अन्योल हुने बताइन्छ ।

गत वर्ष युरोपबाट आएको मागपत्र प्राणीकरण हुन नसक्दा ४० हजारभन्दा बढी रोजगारीको अवसर गुमेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले सरकारको ध्यानकर्षणसमेत गराएका थिए । लामो समयसम्म मागपत्र प्रमाणीकरण हुन नसक्दा नेपालका लागि आएको माग अन्यत्र जाने समस्या रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

'आगामी दिनमा रोजगारीको गन्तव्य खाडीबाट युरोपतिर केन्द्रित गर्नुपर्ने बताउँदै गर्दा आएका मागलाई समयमै प्रमाणीकरण गर्न नसक्दा रोजगारीको अवसर गुम्ने खतरा बढ्दै गएको छ,' उनले भने, 'श्रमिक पठाउने मुलुक हामीमात्रै होइनौं, जहाँबाट छिटो श्रमिक आपूर्ति हुन्छ रोजगारदाता त्यतै जान्छ ।'

## ठगी आरोपमा दुईजना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि युरोप तथा खाडीका विभिन्न मुलुकमा पठाउने बहानामा रकम संकलन गरी ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भोजपुरको रामप्रसाद राई गाउँपालिका-३ घर भई काठमाडौं काँडाघारी बस्ने विजय राई र धादिङको सिद्धलेख गाउँपालिका-७ घर भई हाल काठमाडौं सतुंगल बस्ने श्रीराम पण्डित रहेका छन् ।

राईले मीनबहादुर थापासमेतलाई वैदेशिक रोजगारीका लागि पोर्चुगल, दुबाई, साउदी अरब र रोमानियामा पठाइदिन्छु भन्दै ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । उल्लिखित मुलकमा पुगेपछि एक प्रतिष्ठित कम्पनीमा काम दिलाइ मासिक एक लाख रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाएर छ लाख ८८ हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितलाई दुबाई पठाइदिने भन्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुऱ्याई टिकट क्यान्सिल हुन पुगेको बताउँदै फिर्ता भई आएपछि राई फरार भएको बताइएको छ । पीडितहरूसँग पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा खोजतलास गर्दा उनलाई काठमाडौंबाटै पक्राउ गरिएको प्रहरीले बताएको छ ।

(क्रमशः पृष्ठ २ मा)




# गोरखाबाट निर्वाचित भएको औचित्य पुष्टि गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

**काठमाडौं (प्रस)-** प्रधानमन्त्री पुष्पकमल दाहालले गोरखाले चीरकालसम्म स्मरण गर्नेगरी सो जिल्लाको विकासमा लागिपरेको बताएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार गोरखा पत्रकार समाज नेपालका पदाधिकारीसँगको भेटमा प्रधानमन्त्री दाहालले गोरखाको विकासमार्फत आफू निर्वाचनका लागि गोरखा गएको औचित्य पुष्टि गर्ने स्पष्ट गरेका हुन् ।

उनले भने, 'यसपटक नीतिगत निर्णय र बजेट विनियोजनको कमाण्ड लिएको छु, गोरखा मेरो उच्च प्राथमिकतामा छ । सबैले महसुस गर्नेगरी काम गर्ने मेरो योजना छ ।' उनले जनताका अपेक्षा धेरै भएको भन्दै गोरखाको विकासमा चाहेजति ध्यान दिन नसकेको पनि उल्लेख गरे ।

विगतमा समयको दबाबले अपेक्षाअनुसारको काम गर्न नसकेको उल्लेख गर्दै उनले यसपटक भने आफूले गोरखालाई उच्च प्राथमिकतामा राखेको दोहोऱ्याए । उनले आँपपिपल अस्पतालको क्षमताअभिवृद्धिका लागि मन्त्रिपरिषद्बाट



निर्णय भइसकेको जानकारी गराउँदै केही दिनभित्र बूढीगण्डकी आयोजना शिलान्यास हुने जानकारी दिए ।

उनले भने, 'बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि स्रोतको सुनिश्चितता भइसकेको छ । अब केही दिनभित्रै शिलान्यास हुन्छ । यसले पनि गोरखामा मात्रै नभई मुलुकमा नै केही राम्रो काम हुँदैछ भन्ने सन्देश जाने छ ।' उनले हाल बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनका लागि गम्भीर छलफल भइरहेको जानकारी गराउँदै रुग्ण उद्योगहरू सञ्चालनका लागि अध्ययन भइरहेको बताए ।

# ४५ प्रतिशत क्षयरोगका बिरामी उपचारको दायराबाहिर

**काठमाडौं-** क्षयरोगका ४५ प्रतिशत बिरामी उपचारभन्दा बाहिर रहेको पाइएको छ । राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. प्रज्वल श्रेष्ठले रोग पहिचान भएकामध्ये अझै ४५ प्रतिशत बिरामी उपचारको दायरामा ल्याउन नसकिएको बताए ।

उनले निःशुल्क औषधि, परीक्षण र उपचार गर्दा पनि यति ठूलो संख्यामा बिरामी उपचारमा नआउनु क्षयरोग नियन्त्रणमा चुनौती थपिएको बताए । उनका अनुसार आर्थिक वर्ष २०७८/७९ मा नयाँ भेटिएका ७१ हजार ७०० बिरामीमध्ये करिब ३२ हजार बिरामी उपचारको दायरामा ल्याउन नसकिएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. विकास देवकोटाले उपचारको दायरामा आउन नसकेको बिरामीले आगामी वर्ष बजेटमा समेट्ने बताए । 'उपचारको दायरा नआएका बिरामीले परिवार र समाजमा क्षयरोग सारिरहेका छन्,' उनले भने, 'आगामी वर्ष बजेटमा ती बिरामीलाई उपचार ल्याउने बजेट विनियोजन गरिने छ ।' उनले स्थानीय तह र समुदायलाई परिचालन गरेर क्षयरोगलाई नियन्त्रण गर्न सकिने बताए ।

नेपालमा क्षयरोगका कारण वार्षिक १७ हजार मानिसको मृत्यु हुने अनुमान गरिएको केन्द्रले जनाएको छ । क्षयरोग माइकोब्याक्टेरियम ट्युबरक्लोसिस नामक जीवाणुको संक्रमणका कारण हुने संक्रमणजन्य सरुवा रोग हो । क्षयरोग श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ । क्षयरोगबाट ७२ प्रतिशत फोक्सोलाई संक्रमण गर्छ । यस्तै मुटुको बाहिरी झिल्ली, मासु, जोर्नी, मस्तिष्कमा पनि क्षयरोगले असर गर्दछ ।

केन्द्रका निर्देशक डा. श्रेष्ठ क्षयरोगका बिरामीले कम्तीमा छ देखि बढीमा १२ महिनासम्म चिकित्सकको निगरानीमा बसेर औषधि सेवन गरेमा ९० प्रतिशत रोग निको हुने बताउँछन् । उनका अनुसार क्षयरोगको जोखिम १५ देखि ४४ वर्ष उमेर समूहमा रहेको छ । पछिल्लो वर्षमा ६५ वर्षभन्दा माथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ ।

सरकारले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य र २०५० सम्ममा क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ । केन्द्रले छिटो र छरितो तरिकाले रोग पहिचान गर्न १५ सेन्टरबाट, ११३ स्वास्थ्य संस्थाबाट, १३१ वटा यन्त्र जडान गरी रोगी पत्ता लगाउने गरेको उनको भनाइ छ । नेपालभरका छ हजारभन्दा बढी स्वास्थ्य संस्थामा क्षयरोगविरुद्धको औषधि निःशुल्क उपलब्ध छ ।

कुपोषण भएका, धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन, मधुमेहका बिरामी, मादक पदार्थ सेवन गर्ने, एचआइभी संक्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस क्षयरोगको उच्च जोखिममा पर्ने गर्दछन् । तौल कम हुनु, खानामा रुचि कम हुनु, दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, राति ज्वरो आउनु क्षयरोगका प्रमुख लक्षण हुन् । *रासस*

पृष्ठ १ बाट क्रमशः

## अल्झाउने वार्ता...

यसअघि भएको वार्ताको पाँचबुँदे सहमतिको अन्तिम बुँदामा फागुन ९ गते फेरि वार्ता बस्ने उल्लेख थियो । सोही आधारमा पछिल्लो दुई सातामा दुवै पक्षबाट प्रदेश पुनः नामकरणका लागि गरेका पहलकदमी, आन्दोलनका क्रममा घाइते भएकाको उपचार खर्चसँगै आन्दोलनकारी नेता कार्यकर्तामाथि लागेको मुद्दा फिर्ताबारे वार्ता हुने सरकारी वार्ता टोली संयोजकसमेत रहेका भौतिक पूर्वाधारमन्त्री कमल जबेगूले बताए । उनले एक अध्ययन कार्यदल नै गठन गरिने पनि बताए ।

'उहाँहरू (पहिचान पक्षधर)ले आन्दोलनमा घाइते भएका र उनीहरूको उपचार खर्च बुझाउनुभएको छ,' उनले प्रभावसँग भने, 'आन्दोलनको क्रममा मुद्दा लागेकाहरूको नाम पनि दिनुभएको छ । आजको वार्तामा छलफल हुन्छ । त्यसको लागि एउटा कार्यदल आवश्यक पर्ला ।'

पहिचान पक्षधरले गत साताको मंगलबार आन्दोलनमा घाइते भएकाहरूको नामावली र उपचार खर्च विवरण कोशी सरकारलाई बुझाएको थियो । १५ जना नेता कार्यकर्ताको राजनीतिक मुद्दा फिर्ता लिन पनि पहिचान पक्षधरले माग गरेको छ । इलामको माङ्सेबुङ घर भई हाल थुनामा रहेका आशिष साम्बा लिम्बूको पनि रिहा माग भएको छ । तर, सरकार पक्षबाट रिहाको पहल भइसकेको छैन ।

प्रदेशको पुनः नामरकण गर्न पहल पनि अर्थपूर्ण भएको देखिएको छैन । भन्नचाहिँ सरकारी वार्ता समिति संयोजक जबेगूले यसअघिका वार्ता समिति संयोजक तथा एमाले सांसद तिलकुमार मेन्याङ्बोसँग पटकपटक छलफल भएको भनेका छन् । उनी सकारात्मक पनि रहेको बताए ।

'प्रदेशको एमाले सचेतकसँगको छलफलपछि मैले मभन्दा पहिलेका वार्ता सचिव मेन्याङ्बोसँग कुरा भएको छ । उहाँले ठीक छ भन्नुभएको छ । हेरौं के हुन्छ,' उनले भने ।

तर, कोशी प्रदेशको पुनः नामकरण निकै झन्झटिलो र जटिल हुने देखिएको छ । पुनः नामकरण गर्न सरकारले प्रारम्भमा प्रदेश संसद्मा पुनः नामकरणसम्बन्धी विधेयक ल्याउनुपर्ने छ । प्रदेश सरकार त्यसप्रति सकारात्मक देखिएको छ ।

तर, विधेयक पारित भएपछि पुनः नामकरण गर्न दुईतिहाइ बहुमत चाहिन्छ । त्यो भनेको ९३ सदस्यीय प्रदेश संसद्मा कम्तीमा ६३ जना सांसद हो । प्रदेशमा सरकार सञ्चालन गरिरहेको गठबन्धन दलहरूसँग दुईतिहाइ बहुमत छैन । यसले गर्दा पुनः नामकरण गर्न सरकारी वार्ता समिति र पहिचान पक्षधरले त्यहाँको ४० सिट रहेको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलाई विश्वासमा लिनुपर्ने हुन्छ । एमाले सहमत भएको अवस्थामा मात्रै कोशीको पुनः नामकरण हुने देखिएको हो ।

तर, एमाले प्रदेशको पुनः नामकरणमा सहमत हुने सम्भावना न्यून देखिन्छ । उक्त दलका उपनेता राम रानाले त्यही संकेत गरे । उनले भने, 'यहाँ हामीले नाम राख्ने र फेर्ने होइन । केन्द्रीय नेताहरूले फेर्नु भनेको अवस्थामा फेरिन्छ । होइन भने कि त बहुमत पुऱ्याउनुपऱ्यो ।'

उनले भनेजस्तै प्रदेशको पुनः नामकरणको अन्तिम विकल्प कि त बहुमत नभए कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्रीसमेत रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबीचको राजनीतिक समझदारी हो । अन्तिम विकल्प पहिलोभन्दा केही सहज छ । तर, समझदारी जुट्ने सम्भावना विकसित राजनीतिक घटनाक्रमले देखाउँदैन ।

■■■

## पहिचान पक्षधर...

प्रदेश राजधानी विराटनगरस्थित संसद् भवन केन्द्रित आन्दोलन गरे । प्रदेशका जिल्लाजिल्लामा प्रदर्शन भए । कोशी नाम लेखिएको सरकारी कार्यालयको बोर्ड हटाए । कोशी नाम उल्लेखित लेटरप्याडसमेत जलाए । पूर्वमुख्यमन्त्री हिक्मत कार्की, उनका सरकारका मन्त्री, वर्तमान मुख्यमन्त्री केदार कार्कीसँगै कोशी नाममा मतदान गर्ने ८२ जना सांसद पहिचानलाई अवरोध खडा गर्नेदेखि कालो झण्डा देखाउनेसम्मका गतिविधि भए । आन्दोलनकै क्रममा लाजेहाङ सुक्वाबा लिम्बूले ज्यान गुमाए । कयौं पहिचान पक्षधर नेता कार्यकर्ता र प्रहरी घाइते भए । कतिसम्म भने उनीहरूले दस्ता नै तयार गरेका थिए ।

तर, धरान काण्डदेखि एमालेको झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्राले अन्ततः पहिचान पक्षधरहरू रक्षात्मक बन्न पुगेको विश्लेषण भइरहेको छ ।

■■■

## माओवादीप्रति...

कांग्रेसले माओवादीसँग चुनावी गठबन्धनदेखि सत्तासम्मै तालमेल गर्दै आएको छ । माओवादीसँग मिल्न नहुने अधिकांश नेताहरूको मत रहेको देखिन्छ । यद्यपि निर्वाचन प्रणालीका कारण गठबन्धन बाध्यता भएको नेताहरूको तर्क रहेको छ ।

अर्का महामन्त्री विश्वप्रकाश शर्मा गठबन्धन आगतको सम्झौता नभई विगतले बोकाएको अभिभारा भएको तर्क गर्छन् । 'हामीले के हेक्का राख्नैपर्छ भने गठबन्धन छोड्न हामी कुनै पनि दल स्वतन्त्र छौं, तर गठबन्धनमा रहेर स्वतन्त्र गतिविधि गर्न हामी स्वतन्त्र छैनौं । संघ र प्रदेश दुवै ठाउँमा विश्वासको निश्चित आधारमा कार्य गर्न सकिएन भने त्यसले गठबन्धनको भविष्य संकटमा पर्नेछ ।'

शर्माले अन्य दलसँगको चुनावी या सत्ता गठबन्धन दल र दलका बीच संस्थागत निर्णयको आधारमा हुने उल्लेख गरेका छन् । 'गठबन्धन गर्ने या नगर्ने अथवा भएको गठबन्धनलाई निरन्तरता दिने या गठबन्धन छोड्नेजस्ता विषय व्यक्तिगतस्तरमा बन्ने मनोगत धारणाको भड्काबमा हुनुहुन्न । पार्टीले गहन छलफलबाट परिपक्व निर्णय लिनुपर्ने हुन्छ । नेपाली कांग्रेस समग्र परिस्थितिको संयम समीक्षा गरेर आवेगमुक्त ढंगले चल्ने विषयमा संस्थागत रूपले स्पष्ट छु,' शर्माको प्रतिवेदनमा भनिएको छ ।

महामन्त्री शर्माले अर्का महामन्त्री थापालाई चुनावबाटै रोक्न सकिने प्रस्तावसमेत अघि बढाएका छन् । शर्माको प्रस्ताव पारित भएमा थापाले अब निर्वाचनमा उम्मेदवारी दिन पाउने छैनन् । शर्माले अवस्था रूपान्तरण गर्न राजनीतिमा परिवर्तन भन्दै राष्ट्रपति एकपटक, प्रधानमन्त्री बढीमा दुईपटक, मन्त्री तीनपटक र सांसद अधिकतम चारपटक मात्र हुन पाउने संवैधानिक व्यवस्था गर्न प्रस्ताव गरेका हुन् ।

सांसदका रूपमा थापाको यो चौथो कार्यकाल हो । थापा २०६४ देखि लगातार सांसद छन् । त्यतिखेर समानुपातिकतर्फबाट संविधानसभा सदस्य भएका थापा २०७०, २०७४ र २०७९ को निर्वाचनमा काठमाडौं-४ बाट निर्वाचित भएका थिए । थापालाई शर्माले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा संसदीय दलको नेतामा अघि बढाएका थिए । यद्यपि थापा देउवासँग पराजित भएका थिए ।

**चारवटा समूह बनाएर छलफल**

कांग्रेस महासमितिमा उपसभापति खड्काले प्रस्तुत गरेको नीति प्रस्ताव, महामन्त्री थापाले प्रस्तुत गरेको सांगठनिक प्रस्ताव र अर्का महामन्त्री शर्माले प्रस्तुत गरेको समसामयिक राजनीतिक प्रस्तावमाथि आजबाट छलफल हुँदै छ ।

गोदावरीको सन्राइज सम्मेलन केन्द्रका विभिन्न चार हलमा विभाजन भएर महासमिति सदस्यहरूले यी प्रस्तावमाथि छलफल गर्ने र सुझाव संकलन गरिने कांग्रेसले जनाएको छ । कोशी र सुदूरपश्चिम प्रदेशका महासमिति सदस्यहरू गोदावरी हलमा छलफल गर्ने छन् । सभापति देउवासँगै महामन्त्री शर्मा र डा. शेखर कोइराला यही हलमा हुने छन् ।

मधेस र कर्णाली प्रदेशका महासमिति सदस्यहरू विशंखुनारायण हलमा हुने छन् । फूलचोकी हलमा बागमती र गण्डकी प्रदेशका महासमिति सदस्यहरू हुने छन् । यो हलमा उपसभापति धनराज गुरुङ र महामन्त्री थापा पनि हुने छन् । कोञ्ज्योसोम हलमा लुम्बिनी प्रदेश, भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिका प्रतिनिधिहरू हुने छन् ।

कोशी प्रदेशको सभापतित्व सहमहामन्त्री बद्री पाण्डे र संयोजन उद्धव थापाले गर्ने छन् । यसैगरी मधेस प्रदेशको सभापतित्व सहमहामन्त्री भीष्मराज आङ्देम्बेले र संयोजन कृष्ण यादवले गर्ने छन् । बागमतीको सभापतित्व सहमहामन्त्री फरमुल्लाह मन्सुरले गर्ने छन् । यो प्रदेशको संयोजन इन्द्र बानियाँले गर्ने गरी जिम्मेवारी तोकिएको छ ।

गण्डकी प्रदेशको सभापतित्व सहमहामन्त्री महेन्द्र यादवले गर्नेछन् । यस प्रदेशको संयोजन शुक्रराज शर्मा शास्त्रीले गर्ने छन् । लुम्बिनीको सभापतित्व सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले गर्नेछिन् भने अमरसिंह पुनले संयोजन । कर्णालीको सभापतित्व सहमहामन्त्री उमाकान्त चौधरीले पाउँदा संयोजनको जिम्मा ललितजंग शाहीलाई तोकेको छ । सुदूरपश्चिमको सभापतित्व सहमहामन्त्री किशोरसिंह राठौरले गर्ने छन् भने संयोजन वीरबहादुर बलायरले गर्ने छन् ।

■■■

## परराष्ट्र-श्रम...

पक्राउ परेको अर्का आरोपी पण्डितले श्रीराम अधिकारीलाई मासिक एक लाख ५० हजार रूपैयाँ तलब हुनेगरी माल्टाको एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । उनले पीडितबाट पटक-पटक गरी एक लाख रूपैयाँ लिएर सम्पर्कविहीन भई ठगी गरेको प्रहरीले उल्लेख गरेको छ । फरार अवस्थामा रहेका पण्डितलाई सतुंगलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवैजनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/११/०९

यस कम्पनीको मिति २०७९/०४/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बन्दीपुर हिमालयन रिसोर्ट प्रा.लि. (प्रा.लि. नं. २४९६६५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बन्दीपुर फार्म हाउस एण्ड रिट्रट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सूचना**

सर्जक मिडिया हाउस प्रा.लि.द्वारा सञ्चालित सूचना बिभाग दर्ता नं.३००५/२०७८/०७९ र प्रेस काउन्सिल दर्ता नं.७६०/२०७८/०७९ रहेको मेन डोमेन www.harekpalkokhabar.com नामको अनलाइन पत्रिका यस प्रा.लि. कम्पनीको मिति २०८०/११/०८ गते बसेको संचालक समितीको बैठकले बन्द गर्ने निर्णय गरेको हुदाँ यस अनलाइन पत्रिका सँग सम्बन्धित कसैको बाँकी बक्यौता, स्वामित्व दायित्व, उजुर-बाजुर केही भएमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कम्पनीको ठेगाना जिल्ला काठमाण्डौं तार्केश्वर न.पा.वडा नं.११ स्थित रहेको मुख्य कार्यालयमा सम्पर्क गर्नु हुन भनी यो सूचना प्रकाशन गरिएको छ ।

**सम्पर्कः सर्जक मिडिया हाउस प्रा.लि., मो.नं.९८१३१३७५८९**

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Saugat Employment Service Pvt.ltd. (ई.प.नं.१२२१/०७४/०७५)मा **सुरेन बानिया** (ना.प्र.नं. ४४-०१-७२-०८६४१) ले यस प्रा. लि. मा PRO पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति– २०८०।११।०९)

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको २०८०।०९।१६ गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका बोलपत्र न्युनतम् मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८०।११।०४ गतेको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाइ समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| 16/ BPKM/ 2080/081 | Bheemdatt Stadium (Khulla Munch) Upgrading and Construction Works at ward no. 4 | श्री सावित्री निर्माण सेवा, भी.न.पा. ११, कञ्चनपुर | रु. १६,७८,९३८।७५ |

**कतारमा वैदेशिक रोजगारमा अवसर**

**कम्पनी : VIRONA CLEANING SERVICES**

पुर्व स्वीकृति मितिः २०८०/११/०८ LT. No:300280 चलानी नं. :६०२१५२३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 13 | 1000 | ३६,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunrise H.R. Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १२१६/०७४/०७५
Gaushala, Pingalasthan-9, Kathmandu, Nepal
Phone : +977-1-4486165 Fax: +977-1-4496189

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
**Integrated Karnali Irrigation Development Project**
Khalanga, Jajarkot

**Notice for the letter of Intent**

**Date of Publication: 2080/11/09(February 21, 2024)**

This is notifying all the bidders who submitted their bid for the Contract Identification no. mentioned below that the Following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract pursuant to Clauses 27(2) of Public Procurement Act 2063.

| S. N. | Contract Identification No: | Description of Works | Lowest Evaluated Substantially Bidders | Bid Price NRs. (Including VAT) |
|---|---|---|---|---|
| 1 | IKIDP/Kudu Lift/ NCB/01/080-081 | Construction of Sump Well, RVT, Solar System Works and Main Pipe Line and Distribution Canal Lining Works Bheri Municipality -13, Kudu, Jajarkot | Bhumi Nirman Sewa, Madi-2, Rolpa | 6,11,91,772.66 |
| 2 | IKIDP/KRT Lift / NCB/02/080-081 | Construction of Sump well, RVT, Valve Chamber, Distribution Chamber, Electrical & Solar System Works Bheri Municipality-1, Nalgad Municipality 10 & 12, Kolchaur, Ragda & Tallu Bagar, Jajarkot | Bhumi Nirman Sewa, Madi-2, Rolpa | 3,35,37,484.24 |

*Project Chief*

# दिगो विकाससम्बन्धी ११औं एसिया प्रशान्त मञ्चको अध्यक्षमा नेपाल निर्वाचित



**काठमाडौं (प्रस)**- दिगो विकाससम्बन्धी ११औं एसिया प्रशान्त मञ्चको अध्यक्षमा नेपाल निर्वाचित भएको छ। बैंककस्थित संयुक्त राष्ट्रसंघअन्तर्गत एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद्मा मंगलबारदेखि आयोजना भएको मञ्चको बैठकबाट राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ निर्वाचित भएका हुन्।

मित्रराष्ट्र जापानले उपाध्यक्ष श्रेष्ठलाई यस मञ्चको अध्यक्ष चयन गर्न प्रस्ताव गरेको थियो। उनलाई बंगलादेश र श्रीलंकाका प्रतिनिधिले समर्थन गरेका थिए। उपाध्यक्ष श्रेष्ठले मञ्चको अध्यक्ष निर्वाचित भएपश्चात् कार्यक्रममा उपस्थित सबै सदस्य राष्ट्रका प्रतिनिधिलाई धन्यवाद ज्ञापन गरेको आयोगले जनाएको छ।

मञ्चमा अन्तर्राष्ट्रिय साझा एजेण्डाका रूपमा रहेका दिगो विकास लक्ष्यमा यस क्षेत्रका राष्ट्रले गरेको प्रगतिको समीक्षा गरिनुका साथै आगामी दिनमा लिनुपर्ने कार्यदिशाका सम्बन्धमा छलफल हुँदै छ। चार दिनसम्म चल्ने छलफल दिगो विकास लक्ष्य १, २, १३, १६ र १७ मा केन्द्रित रहने आयोगका प्रवक्ता यमलाल भुसालले जानकारी दिए। छलफलमा भएको सहमतिका आधारमा एसिया प्रशान्त क्षेत्रमा दिगो विकास लक्ष्य कार्यान्वनमा प्राप्त भएको सफलता र चुनौतीका सन्दर्भमा सन् २०२४ को जुलाईमा हुने संयुक्त राष्ट्रसंघको उच्चस्तरीय राजनीतिक मञ्चमा प्रतिवेदन पेस हुने छ।

एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद्मा ५३ सदस्य राष्ट्र तथा नौ वटा अन्य संस्था आबद्ध छन्। मञ्चमा हुने छलफलमा सदस्य राष्ट्रहरूका सरकारका प्रतिनिधिका अतिरिक्त नागरिक समाज, निजी क्षेत्र, सामाजिक संघसंस्था, युवा, बालबालिका, किसानलगायत बहुसरोकारवालाको सहभागिता रहेको छ।

## विष्णुमती करिडोरका अवैध संरचना हटाउन सुरु

**काठमाडौं (प्रस)**- टोखास्थित विष्णुमती नदी आसपासमा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन सुरु गरिएको छ। टोखा नगरपालिकाले विष्णुमती नदी करिडोरलाई सुन्दर र व्यवस्थित बनाउनका लागि त्यस आसपासमा निर्माण गरिएका अस्थायी संरचना मंगलबार बिहान डोजर लगाएर हटाएको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले सार्वजनिक जग्गा मिचेर नदीको किनारामा निर्माण गरिएका संरचना डोजर लगाएर हटाइएको जानकारी दिए। टोखाले सार्वजनिक जग्गा संरक्षण गर्नका लागि वडा नं ४ का वडाध्यक्ष धर्मेन्द्र श्रेष्ठको संयोजकत्वमा 'सार्वजनिक जग्गा संरक्षण समिति' निर्माण गरी सार्वजनिक जग्गा मिचेर अवैधरूपमा निर्माण गरिएका संरचना हटाएको हो।

उक्त समितिले मंगलबार टोखा नगरपालिका-८ स्थित फ्लोरोसेन्ट स्कुल अगाडि निर्माण गरिएका संरचना हटाएको नगरपालिकाका उपप्रमुख मुरारी तामाङले जानकारी दिए। उनले टोखाभित्रको सार्वजनिक सम्पत्ति संरक्षणका लागि नगरपालिकाले काम गरिरहेको बताए।

नगरपालिकाले पहिलो चरणमा मनोरथ तीर्थदेखि टोखा प्रहरी चौकीसम्म विष्णुमती करिडोर आसपासमा निर्माण गरिएका संरचना हटाउने बताएको छ। नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखावासीलाई विष्णुमती करिडोरबाट आवतजावत लागि सहज होस् भन्ने उद्देश्यले डोजर लगाइएको बताए। टोखाभित्र एक हजारभन्दा बढी रोपनी सार्वजनिक जग्गा अतिक्रमण भएको भन्दै यसलाई संरक्षण गर्ने योजना नगरपालिका लागेको बताए।

संरचना हटाउने क्रममा स्थानीयले अवरोधसमेत गरेका थिए। फ्लोरोसेन्ट स्कुल आसपासमा नदीको किनारा आसपासमा घर बनाएर बस्दै आएका स्थानीयले नगरपालिका र प्रहरीलाई ढुंगामुढासमेत गरेका थिए। नगरपालिकाले केहीदिन अघि सूचना जारी गरेर सार्वजनिक जग्गामा बनेका संरचना हटाउन नगरवासीलाई आग्रह गरेको थियो।

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

श्री जि सर्लाही साविक गा.वि.स. गडहिया वडा नं ८ हाल बलरा न.पा./गा.पा. वडा नं ८ मा बस्ने लालधारी महतो र जि.स.गा.वि.स. मधुवनी वडा नं. ६ हाल गोडैता न.पा. १२ मा बस्ने निरसु राउत कुर्मीलाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. गा.वि.स. मधुवनी वडा नं. १ हाल गोडैता गा.पा./न.पा. वडा नं. १२ मा बस्ने अवधेश प्रसाद सिंहको श्रीमति विभा सिंहको नाउँमा दर्ता कायम रहेको जि. स. गा.वि.स डुमरिया वडा नं. ४ कि.नं. १६१ को ज.वि. ०-५-० र ऐ. ऐ.कि.नं. १८० को ज.वि. ०-३-१५ जग्गाको मोही महलमा रहेको निरसु राउत कुर्मी र लालधारी महतोको नामका भगुवा/मरूवा /जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/११/०६ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

दोस्रोपटक प्रकाशित मिति : २०८०/११/०९

यस कम्पनीको मिति २०८०/१०/२५ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **"मेधिनी इन्टरनेशनल" प्रा.लि.** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"जेनेक्स इन्टरनेशनल" प्रा.लि.** (प्रा. लि. नं. २७०४३३) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

दोस्रोटक प्रकाशित मिति : २०८०/११/०९

यस कम्पनीको मिति २०८०/०९/२९ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **"ईन्टरनेशनल ईन्स्टिच्युट अफ रिटेल" प्रा.लि.** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"आनन्दलय हस्पिटालिटी" प्रा.लि.** (प्रा. लि. नं. १३६६६७) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/११/०९ गते)

बुद्धिलाल श्रेष्ठको नाति, आशा लाल श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं २०, त:ढोका, न:टोल बस्ने भरत लाल श्रेष्ठको मिति २०७७/०६/१८ मा मृत्यु भएको र निजका मृतकको नजिकको हकदार मा श्रीमती भवानी श्रेष्ठको पनि मिति २०७६/०२/२३ मा मृत्यु भएकोले मृतकका नाममा यस बैंकको कुमारीपाटी शाखामा रहेको बचत खाता नं. ००९०००८१४४७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय कुमारीपाटीमा हकदावी गर्न आउनु होला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कुमारीपाटी फोन नं. ०१-५४४१९६२

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं. ८ हाल बरहथवा न.पा. वार्ड नं. ३ मा बस्ने **रामहरी पौडेल**लाइ हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक वारउद्धोरण गा.वि.स. वार्ड नं. ९ हाल विष्णु गा.पा. वार्ड न. २ मा वस्ने रजानी देवी यादव को नाममा दर्ता कायम रहेको जि.स. गा.वि. हजारीया वार्ड नं. ८ (ख) कि.नं. ५९० को ज. वि. ०-१३-८ जग्गाको मोही महलमा जि.स. साविक गा.वि.स. हजारीया वार्ड न. ८ हाल बरहथबा न.पा. वार्ड नं. ३ मा वस्ने रामहरी पौडेलको नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/११/८ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HAYATUNA FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८०/११/०८ LT. No.300183 चलानी नं. ६०२१५२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Application Manager | 0 | 1 | 6000 | २१९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2000 | ७३,०५० | | | | | | | |
| 3 | General Clean Worker | 2 | 0 | 1200 | ४३,८३० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1200 | ४३,८३० | | | | | | | |
| 5 | Project Manager | 0 | 1 | 6000 | २१९,१५० | | | | | | | |
| 6 | Technician | 1 | 0 | 1200 | ४३,८३० | | | | | | | |
| 7 | Tile Maker | 1 | 0 | 1200 | ४३,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LAVENDER CONFECTIONARY & BAKERY SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०१/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 285678 चलानी नं. ६०२०२१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Wokrer | 28 | 0 | 1500 | ४३,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

**बहराइनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NEZO SALON FOR CARE AND BEAUTY
पूर्व स्वीकृति मिति २०८०/११/०८ LT. No. 300164 चलानी नं. ६०२१५२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५२,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pashupati HR Solution Pvt. Ltd. श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : S & T VEGETABLES SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०८/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 295220 चलानी नं. ६०२१०२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD. श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**Free Visa!! Free Ticket!! Free Recruitment !!**
**कुवेतमा नि:शुल्क वैदेशिक रोजगारको अवसर**

कम्पनी : PINNACLE GROUP COMPANY
पूर्व स्वीकृति मिति २०७९/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 269026 चलानी नं. ६०१८५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/Waiter | 30 | 30 | 180 | ७८,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 10 | 160 | ६९,६१५ | | | | | | | |
| 3 | Steward/Cleaner | 30 | 10 | 140 | ६०,९१५ | | | | | | | |

कम्पनी : AL KHARAFI GLOBAL FOR GEN TRADING AND CONTRACTING CO
पूर्व स्वीकृति मिति २०८०/०६/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 293951 चलानी नं. ६०२०९११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 12 | 0 | 125 | ५३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 15 | 15 | 125 | ५३,७९० | | | | | | | |
| 3 | Cook | 30 | 15 | 135 | ५८,०९५ | | | | | | | |
| 4 | Waiter | 30 | 20 | 115 | ४९,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १३ गते (25th Feb. 2024) मा हुनेछ ।

कम्पनी : THE COMMERCIAL REAL ESTATE COMPANY.
पूर्व स्वीकृति मिति २०८०/०५/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 291336 चलानी नं. ६०२०६५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 5 | 115 | ४९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook / Confectioner | 10 | 5 | 130 | ५६,११० | | | | | | | |
| 3 | Housekeeping Attendant | 10 | 10 | 120 | ५१,७९५ | | | | | | | |
| 4 | Kitchen Steward | 10 | 0 | 100 | ४३,१६० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,१६० | | | | | | | |
| 6 | Receptionist / Gsa | 10 | 10 | 120 | ५१,७९५ | | | | | | | |
| 7 | Waiter/waitress | 15 | 15 | 120 | ५१,७९५ | | | | | | | |

कम्पनी : THE GATHERING FOR RESTURANT MANAGEMENT
पूर्व स्वीकृति मिति २०७९/१२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 283270 चलानी नं. ६०१९८६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 15 | 15 | 140 | ६०,४८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef de Partie | 10 | 0 | 180 | ७७,७६७ | | | | | | | |
| 3 | CLEANER/STEWARD | 20 | 10 | 100 | ४३,२०४ | | | | | | | |
| 4 | Cook/Commi | 25 | 5 | 135 | ५८,०९५ | | | | | | | |
| 5 | Waiter | 15 | 15 | 120 | ५१,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356847, 9802356846, 9863194839, 9863194834, 9963194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SONS OF SULEIMAN AHMED AL KHAMIS TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति २०८०/१०/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ LT. No. 299333 चलानी नं. ६०२१४३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
यस विद्यालयबाट मिति २०८०/०९/२० गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा Construction of Academic Block of Amarjyoti Secondary School (Phase-3) सम्बन्धी ठेक्का AMARJYOTI/NCB/W/BLDG/2080/81 को प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित अंक सारभूतरुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | भ्याट सहित कबोल अंक रु. |
|---|---|---|---|---|
| 1 | AMARJYOTI/NCB/W/BLDG/2080/81 | Construction of Academic Block of Amarjyoti Secondary School (Phase-3) | बज्र कन्स्ट्रक्सन, विदुर, नुवाकोट (Bajra Construction, Bidur -10,Gerkhu) | 51,35,491.62 |

**प्रधानाध्यापक**

प्रभाव दैनिक

## रूपशाला

### सुनिलचन्द्रको अभिनयमा 'छिन छिनमा'

नेपाली सांगीतिक बजारमा एकपछी अर्को गित आउने क्रम जारी छ माया र प्रेमले सजिएको 'छिन छिनमा' बोलको गीत गायक कमल खत्रीको आवाजमा रहेको म्युजिक भिडियो सार्वजनिक गरिएको छ । गीतको रचना तथा संगीत कमल खत्रीको रहेको गितको भिडियोमा सुनिलचन्द्र न्यौपाने, बिना राउत, अलिशा शर्मा, करिश्मा शाही ठकुरीको दमदार अभिनय देख्न सकिन्छ । निर्माता मिना बर्तौलाको लगानी रहेको भिडियोलाई समिप इन्टरटेन्मेन्टको युटुब च्यानलमा गएर हेर्न सकिन्छ ।



बुधबार ९, फागुन २०८० (Wednesday, February 21, 2024)

# कला र साहित्यको संगम 'कालो सूर्य'




■ प्रभाव संवाददाता

**काठमाडौं–** अग्रज साहित्यकार भरत जङ्गमको भ्रष्टाचारसम्बन्धीको उपन्यास 'कालो सूर्य' (२०३६)माथि सृजना गरिएको चित्रकलाको प्रदर्शनी काठमाडौँमा सुरु भएको छ ।

पाँच दिनसम्म चल्ने प्रदर्शनीमा चित्रकार इन्दु पन्तले उपन्यास कालो सूर्यका भावहरूलाई २५ चित्रमा उतारेकी छिन् । उले भ्रष्टाचारका विषयमा लेखिएको उपन्यासका घटना-परिघटनालाई चित्र बनाएर पस्किएकी छिन्, जुन १५ भाषामा प्रकाशित भइसकेको उपन्यासलाई उनले अब भाषाविहीन बनाइदिएकी छिन् । अब विश्वका जो सुकैले पनि चित्रमार्फत भ्रष्टाचारविरुद्धको भाव बुझ्न सक्नेछन् ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल कला परिषद्मा 'कला र साहित्यको सङ्गम : कालो सूर्य' विषयक चित्रकला प्रदर्शनी उद्घाटन गर्दै कालो सूर्यले विश्वव्यापी रूपमा प्रभाव पारेको र नेपालीत्वको परिचय पनि विश्वमा पुऱ्याउन सफल भएकामा प्रशंसा गरे ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानकी पूर्वकुलपति रागिनी उपाध्यायले कलाकार सन्तोष पन्तको 'हिजोआजका कुरा' र सर्जक भरत जङ्गमको 'सेतो सूर्य'ले एउटै कुरा बोलेको र प्रख्यात रहेको सुनाउँदै भ्रष्टाचार नियन्त्रणका लागि सुरुमा आफैँलाई सफाइ गर्नुपर्ने बताइन् । चित्रकार इन्दु पन्तले कलामार्फत जीवन्त बनाएको बताउँदै उनले भनिन्, 'भरत जङ्गमको लेखन र इन्दुको रेखा र चित्र छन्, तिनले विश्वमै भ्रष्टाचारविरुद्धको कुरा बोलिरहेको छ, उपन्यासलाई कलाले झन् जीवन्त पारिदिएको छ ।'

चित्रकार इन्दु पन्तले सर्जक जङ्गमगमले २०३६ सालमा लेखेको कालो सूर्य उपन्यास अहिलेसम्म १५ भाषामा प्रकाशित भइरहेको र त्यही पुस्तकलाई चित्रात्मक रूपमा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस भएको बताइन् ।

अहिलेसम्म कलाकार पन्तले तीनवटा एकल प्रदर्शनी गरिसकेकी छिन् । जारी प्रदर्शनीमा कालो सूर्य पुस्तकमा आधारित २५ र अन्य दुईसहित २७ वटा चित्र प्रदर्शनीमा समावेश गरिएको छ ।

# महाजात्राको टिजर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रदीप भट्टराई निर्देशित फिल्म 'महाजात्रा' प्रचार प्रसारमा जुटिसकेको छ । आगामी चैत ९ गते नेपालसँगै विश्वभर एकसाथ प्रदर्शन हुने तयारीमा रहेको फिल्मले मंगलबार टिजर ल्याएको हो । फिल्मको टिजरमा कथा प्रष्ट्याउने कोसिस गरिएको छ । टिजर हेर्दा यो फिल्म पनि 'जात्रा' झैँ पैसा व्यवस्थापन गर्दा आइपर्ने समस्यानै फिल्मको कथा रहेको बुझ्न सकिन्छ । तीन पात्रले पैसालाई लुकाउन खोज्दा विभिन्न परिस्थितिको सामना गर्छन् ।

फिल्मको नाम 'महाजात्रा' भएकाले यो पटक कथा, प्रस्तुतीकरणमा निकै ध्यान दिएको निर्देशक प्रदीप भट्टराइले बताए । 'हामी दर्शकको अघिल्ला शृंखला भन्दा यसपटक झनै बलियो होस् भनेर काम गरिरहेका छौँ', भट्टराईले थपे ।

फिल्ममा फिल्ममा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्रसिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, अर्जुन जंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहने छ । फिल्मका कलाकार रवीन्द्र झाले राम्रो र रमाइलो फिल्म बनेको बताए । 'मुन्ना' मार्फत उनले यसपटक आम मानिसको समस्यालाई उजागर गर्ने बताए । उनले थपे'महाजात्रासम्म आइपुग्दा झनै परिपक्क भएका छौँ । यसकारण पनि दर्शकको माया पाउनेमा विश्वस्त छौँ ।'

कार्यकारी निर्मातासँगै अभिनेता रहेका रवीन्द्रसिंह बानियाँले दर्शक खुसी भएकै कारण एकपछि अर्को फिल्मको बक्सअफिसमा व्यापार बढिरहेको बताए ।

कथा लेखनकै क्रममा 'महाजात्रा' को बनेको ब्राण्डको कारण भारत बाहेकको विदेश प्रदर्शन अधिकार एमएसएम इन्टरटेनमेन्टका लागि छत्र थापाले खरिद गरिसकेका छन् । उनले विदेशमा नेपालमा घोषणा गरिएको मितिमा प्रदर्शन हुने बताए । फिल्मका निर्माता म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल जित बहादुर रुवाली एसोसियट निर्देशक, पुरुषोत्तम प्रधान छायाँकार, कुमार महर्जन द्वन्द्व निर्देशन, कविराज गहतराज नृत्य निर्देशक, आशिष अविरल सङ्गीतकार हुन् ।

# सुरक्षा अभिनित 'क्लेशाः' भारतीय रंगमञ्चमा मञ्चन

**काठमाडौं (प्रस)–** नेपाली नाटक 'क्लेशाः' भारतको अन्तर्राष्ट्रिय नाटक महोत्सवमा मञ्चन भएको छ । प्रतीक्षा कट्टेलको लेखन र विजया कार्कीको परिकल्पना तथा निर्देशन रहेको नाटक २५ औं भारत रंग महोत्सवमा मञ्चन भएको हो ।

भारतको राष्ट्रिय नाट्य विद्यालयले आयोजना गरेको महोत्सवमा यो नाटक नयाँ दिल्ली र उत्तराखण्डको रामनगर (नैनीताल)मा गरी दुई ठाउँमा मञ्चन भएको हो । दिल्लीको एलटिजी अडोटोरियममा फेब्रुअरी १७ र रामनगरको नारायण दत्त अडोटोरियममा फेब्रुअरी १९ मा मञ्चन भएको हो ।

भारत रंग महोत्सवमा यस वर्ष भारतीय नाटकबाहेक तीन मात्र विदेशी नाटक छनोट हुँदा करमन कलाको प्रस्तुति रहेको नेपाली नाटक 'क्लेशाः' छनोट भएको थियो । फेब्रुअरी १ देखि सुरु महोत्सव फेब्रुअरी २१ सम्म हुँदैछ ।पाँच तत्वहरू अज्ञानता, अहंकार, मोह, विच्छेद र डरको दार्शनिक पृष्ठभूमिसहित



नेपालको एक दुर्गम गाउँमा पञ्चायती व्यवस्थाको सामाजिक र सांस्कृतिक परिवेशमा नाटक आधारित छ । मञ्चनपछि 'डाइरेक्टर मिट' सत्रमा नाटकबारे अन्तरक्रिया भएको थियो । सो क्रममा निर्देशक कार्कीले रामायणका पात्रलाई फरक कोणबाट विश्लेषण र अवलोकन गर्ने प्रयास गरिएको बताइन् ।

उनले भनिन्, 'रामायण मेरा लागि एक कथा हो, त्यसबाट प्रभावित भएर पात्रबीचको मानसिक तथा भौतिक द्वन्द्वको कथा भनेको हुँ । यो समाजको वर्गबीचको, पुरुष महिलाबीचको, एकै पात्रभित्रको अन्तरद्वन्द्वको पनि कथा हो ।' नाटकमा सरिता गिरी, सुरक्षा पन्त, कुशल पाण्डे, सुदीप खतिवडा, विजय बराल, विकास जोशी, रोशनी कार्की, स्वप्नील घिमिरे, सन्दीप श्रेष्ठ, संयोग गुरागाईं, मिलन कार्की, सुजन खतिवडा, सविना थापा र सरस्वती अधिकारीको अभिनय थियो । फिल्म अभिनेत्री समेत रहेकी पन्तले यो नाटकबाट थिएटर डेब्यु गरेकी हुन् । नाटकको महोत्सव टिममा निर्देशक कार्कीसँगै विभिन्न प्राविधिक भूमिकासहित रिजन परियार, उमेश तामाङ, अनुप न्यौपाने, रूपक खरेल, रुजा राउत र केदार श्रेष्ठ छन् ।

## रंगशाला

# क्यानडाविरूद्ध नेपाल 'ए' विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालको 'ए' टोलीले मंगलबार खेलिएको दोस्रो एक दिवसीय क्रिकेट प्रतियोगितामा क्यानडा-११ लाई दुई विकेटले हराएको छ । जितसँगै नेपाल 'ए' ले तीन खेलको शृंखलालाई १-१ को बराबरीमा ल्याएको छ । पहिलो खेलमा क्यानडा-११ चार विकेटले विजयी भएको थियो । शृंखलाको तेस्रो तथा अन्तिम खेल बिहीबार खेलिने छ ।

काठमाडौँस्थित मुलपानी क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको क्यानडा-११ ले ४९.५ ओभरमा अलआउट हुनुअघि दुई सय ४० रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपाल 'ए' ले ४९.१ ओभरमा आठ विकेट गुमाएर विजय लक्ष्य पुरा गऱ्यो ।

नेपाल 'ए' का लागि दुई ब्याट्सम्यानले अर्धशतकीय पाली खेले । कप्तान सन्दीप जोराले उत्कृष्ट अर्ध शतक बनाए । चौथो नम्बरमा क्रिज समाल्न आएका सन्दीपले ६६ रन बनाए । उनले ७४ बलको सामना गरी एक छक्का र सात चौका पनि हिर्काएका थिए ।

नियमित कप्तान विनोद भण्डारी मंगलबारको खेलमा अनुपस्थित रहेपछि सन्दीपले कप्तानको जिम्मेबारी पाएका हुन् । बसिर अहमदले पनि टोलीका लागि अर्धशतकीय पाली खेले । उनी ५२ रनमा अविजित रहे । पाँचौं नम्बरमा क्रिज समाल्न आएका बसिर अहमदले ७३ बलको सामना गरी एक छक्का र चार चौका हिर्काए ।

टोलीका लागि रासिद खानले पनि उत्कृष्ट पाली खेले । उनले ४७ रन बनाए । रासिद खानले ५१ बलको सामना गरी दुई छक्का र तीन चौका हिर्काए । कप्तान सन्दीप आउट भएपछि बसिर अहमद र रासिद खानले नै जिम्मेबारीपूर्वक ब्याटिङ गर्दै नेपाललाई जिततर्फ डो-याएका थिए ।

नेपाल 'ए' का लागि ओपनर ब्याट्सम्यान अर्जुन कुमालले पनि ४० रनको योगदान गरेका थिए । उनले ५७ बलमा ६ चौका प्रहार गरे । अर्को ओपनर मयान यादब भने खाता खोल्नुअघि नै पेभेलियन फर्किएका थिए ।

तेस्रो नम्बरका ब्याट्सम्यान शेर मल्ल पनि सात रनभन्दा अगाडि बढ्न सकेनन् । किरण ठगुन्ना पनि १३ रन बनाउँदै पेभेलियन फर्किएका थिए । रिजन ढकाल एक रनमा अविजित रहे । क्यानडा-११ का बलर अमर आलिद, साहिद अहमदजाई र निखिल दत्तले दुई-दुई विकेट लिए । साद जाफर र हर्ष ठाकेरले पनि एक-एक विकेट हात पारे ।

त्यसअघि भ्रमणकारी टोली क्यानडा-११ लाई ओपनर ब्याट्सम्यान द्वय एरोन जोन्सन र श्रीमन्था विजयरत्नेले गतिलो सुरुआत दिलाएका थिए । उनीहरूले ६४ रनको साझेदारी गरे । एरोन जोन्सनले ३६ र श्रीमन्था विजयरत्नेले ४१ रन बनाए ।

चौथो नम्बरका ब्याट्सम्यान नवनित धालिवालले टोलीको खातामा ४६ रन थपे । उनले जिम्मेबारीपूर्वक ब्याटिङ गर्दै ६० बलमा एक छक्का र ६ चौका हिर्काए । छैटौं नम्बरमा क्रिज समाल्न आएका श्रेयष मोभाले अर्धशतक बनाए । उनले ६८ रन बटुले । मोभाले ८२ बलमा पाँच चौका हिर्काए ।

नेपाल 'ए' का बलर साहब आलमले तीन विकेट लिए । उनले १० ओभरमा एक मेडन राख्दै ३८ रन खर्चिए । शेर मल्ल र रासिद खानले पनि दुई-दुई विकेट हात पारे । सागर ढकाल र बसिर अहमदले पनि एक-एक विकेट लिए ।

## आज नेपाल र नामिबिया भिड्ने

**काठमाडौं (प्रस)–** नामिबियासँग पहिलो खेलमा ब्यहोरेको हारको बदला लिने उद्देश्यसहित नेपाल आइसिसी विश्वकप लिग-२ क्रिकेटअन्तर्गतको तेस्रो खेलमा आज भिड्ने भएका छन् । त्रिदेशीय सिरिजको पहिलो खेलमा भिडेका यी दुईबीचको खेलमा नेपाल नामिबियासँग पराजित भएको थियो । नेपाल, नामिबिया र नेदरल्याण्ड्ससम्मिलित सिरिजमा अहिलेसम्म तीनवटै देशले दुई दुई खेल खेलेका छन् भने सबैले १/१ खेलमा जित र १/१ खेलमा हार ब्यहोरेका छन् । नेपालले यसअघिको नामिबियासँगको खेलमा ४ विकेटले पराजित हुँदा नेदरल्याण्ड्सविरुद्ध ९ विकेटको जित हात पारेको थियो ।

नेपाल पहिलो खेलमा नामिबियासँग पराजित भएको थियो भने नेदरल्याण्ड्सविरुद्ध विजयी भएको थियो, त्यस्तै नामिबिया भने नेदरल्याण्ड्ससँग पराजित भएको थियो । अहिलेसम्मको अंक तालिकामा नेपाल नेटरनरेटका आधारमा नेपाल शीर्षस्थानमा रहेको छ ।

# सूर्य नेपाल वेस्टर्न ओपन आजदेखि

**काठमाडौं (प्रस)–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको चौथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपन आज बुधबारदेखि हिमालयन गल्फ क्लब, पोखरामा सुरु हुँदै छ । तीन दिन सम्म चल्ने प्रतियोगिता ५४ होलको हुनेछ ।

काठमाडौं बाहिर हुने दुई प्रतियोगिता मध्ये एक, सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागिता रहनेछ । डिफेन्डिङ च्याम्पियन तथा नेपाल नम्बर एक गल्फर शुक्र बहादुर राई र सुवास तामाङ भारतीय गल्फ टुरमा व्यस्त रहेको हुनाले यस प्रतियोगितामा सहभागिता जनाउने छैनन् । यो सिजनको दोस्रो प्रतियोगिता, सूर्य नेपाल एनपीजीए म्याच प्लेका उपाधि विजेता दिनेश प्रजापति सहित पूर्व नम्बर एक खेलाडीहरू भुवन नगरकोटी र रवि खड्का, जयराम श्रेष्ठ, नीरज तामाङ, सञ्जय लामा, धन बहादुर थापा दाबेदार खेलाडी हुन् । प्रतियोगितामा नेपाली राष्ट्रिय गल्फ




टिमका एमेच्योर खेलाडी सद्भाव आचार्य पनि दाबेदार मध्येका एक हुन् । सद्भावले यो सिजनको पहिलो प्रतियोगिता, सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि जितेका थिए ।

३६ होलको समाप्तिमा कट लागु हुनेछ । जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन् । एमेच्योर खेलाडीको हकमा पनि प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ होलको प्रतिस्पर्धामा सहभागिता जनाउन पाउनेछन् ।

कुल ८ लाख ४० हजार नगद पुरस्कार राशि रहेको प्रतियोगिताको विजेताले १ लाख ४० हजार, तथा दोस्रो र तेस्रो हुनेले क्रमशः ९६ हजार र ७२ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । चौथो र पाँचौं स्थान प्राप्त गर्न प्रोफेसनल खेलाडीले क्रमशः ५९ हजार र ५० हजार हात पार्ने छन्। साथै उत्कृष्ट २१ मा पर्न सफल अन्य गल्फरले नगद हात पार्ने छन् ।

प्रतियोगिताको अन्तिम दिन शनिबार प्रो-एम प्रतियोगिता हुनेछ। सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत कुल आठ प्रतियोगिता हुनेछन् । जसमा कुल ६५ लाख नगद पुरस्कार रहेको छ ।

## वाफ वुमेन्स च्याम्पियनसिप

# सिरियामाथि नेपाल ४-१ ले विजयी

**काठमाडौं (प्रस)–** वाफ वुमेन्स च्याम्पियनसिपको आफ्नो पहिलो खेलमा नेपाल सिरियाविरुद्ध ४-१ ले विजयी भएको छ ।

खेलको पहिलो हाफमा नेपालले सिरियाविरुद्ध ३-१ को अग्रता हासिल गरेको थियो भने हाफ टाइमपछि नेपालले थप एक गोल गरेको हो । नेपालले १०औं, १३औं र १९औं मिनेटमा गोल गर्दै टिमलाई मजबुत अवस्थामा लगेको छ ।

नेपालको लागि नेपालका लागि अमिशा कार्की, अनिता बस्नेत र



साबित्रा भण्डारीले एक–एक गोल गरे । तर पहिलो हाफको ४३ औं मिनेटमा सिरियाले गोल फर्काउँदै पहिलो हाफ ३-१ को अवस्थामा पुऱ्याउन सफल भएको छ ।

त्यस्तै खेलको दोस्रो हाफमा नेपालको तर्फबाट थप एक गोल भएको थियो । खेलको ६८ औं मिनेटमा नेपालका तर्फबाट रेखा पौडेलले चौथो गोल भएको थियो । त्यसपछि खेलमा कुनै पनि गोल हुन सकेन र नेपालले नतिजा आफ्नो पक्षमा पारेको हो ।

प्रतियोगितामा नेपाल समूह बीमा रहेको छ । नेपाल रहेको समूहमा सिरिया सहित प्यालेस्टाइन र इराक छन् । नेपालले समूह चरणको खेलमा बिहीबार इराक र शनिबार प्यालेस्टाइनसँग खेल्ने छ ।

# इथियोपियामा प्रकोपविरुद्ध लड्न १७ वटा हैजा उपचार केन्द्र स्थापना

**डिडिस अबाबा-** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले सोमबार इथियोपियामा हैजा प्रकोपविरुद्ध लड्न १७ वटा हैजा उपचार केन्द्र स्थापना गरेको छ ।

राष्ट्रसंघ स्वास्थ्य एजेन्सीले जनाएअनुसार भर्खरै स्थापित उपचार केन्द्रहरूले हैजाको उपचारका लागि बिरामी हेरचाहको उपलब्धता, पहुँच र गुणस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ । डब्ल्युएचओले यस कदमले पीडितको जीवन बचाउनका लागि महत्त्वपूर्ण र प्रभावकारी काम गर्ने बताएको छ ।

त्यसमा आवश्यक चिकित्सा उपकरणले सुसज्जित ७१८ शयचा क्षमताको हैजा उपचार केन्द्रमा स्क्रिनिङ र ट्राइज, अवलोकन, भर्ना, रिकभरी, फोहोर व्यवस्थापन, लुगा धुने, क्लोरिन तयारी, भान्सालगायतको व्यवस्थापन गरिएको छ ।

डब्ल्युएचओका अनुसार इथियोपियामा चलिरहेको हैजाको प्रकोपबाट मृत्यु हुनेको संख्या ४६८ पुगेको छ भने जनवरी ३० सम्म पूर्वी अफ्रिकी देशमा ३२ हजार ५४८ हैजाका घटना रिपोर्ट गरिएको छ ।

इथियोपियामा हैजाको प्रकोप फैलिएको बीच संयुक्त राष्ट्रसंघ एजेन्सी महामारी फैलिनुका कारण पत्ता लगाई समाधानका लागि आवश्यक कदम चाल्न सबै पक्षसँग आह्वान गरिरहेका छन् ।

इथियोपियामा हैजाको प्रकोप जारी रहेका बेला संयुक्त राष्ट्रसंघका एजेन्सी र मानवीय साझेदारहरूले देशमा बारम्बार हैजाको प्रकोपको फैलनुका मूल कारणहरूलाई सम्बोधन गर्न दिगो समाधानका लागि आह्वान गरिरहेका छन् । मूलतः कम गुणस्तरको पिउने पानी र खुला शौचालय नै मुख्य कारण मानिन्छन् । *रासस⁄सिन्ह्वा*

# नाइजेरियामा सत्तारुढ दलका प्रवक्ताको हत्या

अबुजा- नाइजेरियाको सत्तारुढ दल अल प्रोग्रेसिभ कांग्रेस (एपिसी) पार्टीका प्रवक्ताको हत्या भएको छ । अज्ञात बन्दुकधारी समूहले पठारको मध्य राज्यमा यसै सप्ताहन्तमा उनको हत्या गरेको स्थानीय प्रहरीले सोमबार जनाएको छ ।

शनिबार राति पांकशिन क्षेत्रस्थित विश्राम स्थलमा बन्दुकधारीहरूले आक्रमण गर्दा प्लेटो राज्यका एपिसी प्रचार सचिव सिल्भानस नामाङको मृत्यु भएको स्थानीय प्रहरी प्रवक्ता अल्फ्रेड अलाबोले बताएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'अपहरणकर्ता भएको आशंकामा सातजना बन्दुकधारी पांकशीन-जोस सडकको छेउमा रहेको विश्राम केन्द्रमा प्रवेश गरी मालिकको अपहरण गरेका थिए ।'

डिस्ट्रेस कल प्राप्त गरेपछि प्रहरीले घटनास्थलमा टोली पठाएको थियो जसले अपहरणलाई विफल पाऱ्यो तर आक्रमणकारीहरूसँग गोली हानाहान भएको थियो ।

सबै जना संदिग्धहरू गोली लागेर भागेका छन् । घटनाबारे अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । *रासस⁄सिन्ह्वा*

# जापानमा बेमौसमी तापक्रम बढ्यो

**टोकियो-** उत्तरी जापानका विभिन्न स्थानमा फेब्रुअरी सुरू भएसँगै दिनको समयमा तापक्रम एक्कासि बढेको छ । दक्षिण क्षेत्रबाट न्यानो हावा बहदा सोमबार जापानभर तापक्रम एक्कासि बढेको मौसम निकायले जनाएको छ ।

होक्काइडोको मोम्बेत्सु सहरमा तापक्रम बढेर १७.१ डिग्री सेल्सियस पुगेको छ । सो तापक्रम सामान्यतया जुन महिनाको अन्त्यमा अनुभव हुने तापक्रम हो ।

यसैबीच उत्तरी जापानको अकिता सहरमा पनि तापक्रम २०.१ डिग्री, मध्य जापानको कानाजावा सहरमा २१.८ डिग्री र मध्य टोकियोमा १६.५ डिग्री पुगेको छ । मंगलबार जापानका थुप्रै भागहरूमा बेमौसमी तातो मौसम जारी रहने अनुमान गरिएको छ ।

मौसम अधिकारीहरूले उत्तरी र पूर्वी जापानका फराकिला क्षेत्रमा वर्षा हुने सम्भावना रहेको बताएका छन् । एक्कासि तापक्रममा वृद्धि हुँदा हिउँ पग्लने अधिक सम्भावना रहेकाले तल्लो क्षेत्रका मानिसहरूलाई सम्भावित बाढी, खोल्सा र हिमपहिरोको जोखिम पर्न सक्ने भएकाले सतर्क रहन आह्वान गरिएको छ । *रासस⁄सिन्ह्वा*

# जनवरीमा ६०० भन्दा बढी श्रीलंकाली कृषिका लागि इजरायल प्रस्थान

**कोलम्बो-** जनवरी महिनामा ६०० भन्दा बढी श्रीलंकालीहरू कृषि क्षेत्रको कामका लागि इजरायल गएको श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायक्काराले सोमबार सञ्चारमाध्यमलाई बताएका छन् ।

उनले गत जनवरीमा ६०२ जना श्रीलंकाली कृषि कार्यका लागि श्रीलंका गएको बताएका छन् । मन्त्रीले छिट्टै इजरायली कृषि मन्त्रीलाई भेटेर त्यहाँ कृषि मजदुर पठाउने औपचारिक सम्झौतामा हस्ताक्षर गर्ने जनाकारी दिएका छन् ।

नानायक्काराले गत वर्ष एक हजार ७० श्रीलंकाली हेरचाहकर्ताको रूपमा इजरायलमा रोजगारीका लागि गएको पनि जानकारी दिएका छन् । इजरायल आधुनिक प्रविधियुक्त कृषि प्रणालीका लागि विश्वविख्यात छ । *रासस⁄सिन्ह्वा*

# मंगोलियामा ४९ वर्षपछि भारी हिमपात

**उलान बातोर-** यस हिउँदमा, मंगोलियामा कीर्तिमानी हिमपात भएको छ । जुन सन् १९७५ पछिको सबैभन्दा उच्च रहेको मौसम विज्ञान र वातावरणीय अनुगमनका लागि राष्ट्रिय एजेन्सीले मंगलबार जनाएको छ ।

यस हिउँदमा हालसम्म औसत हिमपात ९.६ मिलिमिटर पुगेको मौसम अनुगमन निकायले जनाएको छ ।

मंगोलियाका लगभग सबै प्रान्तहरूमा बारम्बार भारी हिमपात भएको छ । बारम्बार हिमपातका कारण यस हिउँदमा चरम चिसोको अनुभव गरिएको एजेन्सीले जनाएको छ । देशको ८० प्रतिशतभन्दा बढी भाग हिउँले ढाकेको छ । सोमबारसम्म मंगोलियामा अत्यधिक चिसो मौसमका कारण हुने पशुको मृत्युको संख्या छ लाख ६७ हजार ८४१ पुगेको छ ।

मंगोलिया संसारको नोमाडिक देशहरूमध्ये एक हो यहाँ लगातार कडा हिमपात, धुलो, आँधीहुरी आइरहने कठोर महाद्वीपीय जलवायुले युक्त छ । *रासस⁄सिन्ह्वा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEKMEDIC (M) SDN. BHD

पूर्व स्वीकृति मिति २०८०/११/०८ | LT. No. 300292 | चलानी नं. ६०२१५२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : A M I CARPENTRY AND FLOORING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८०/११/०८ | LT. No. :299756 | चलानी नं. :६०२०९०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब ने.रू. | मासिक तलब AED | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1200 | ४३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mason | 10 | 0 | 1300 | ४७,०७० | | | | | | | |
| 3 | General Workers | 30 | 0 | 1000 | ३६,३०५ | | | | | | | |
| 4 | Plumber | 10 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 5 | Steel Fixer | 40 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 6 | Stone Mason | 20 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 7 | Tile Layer | 20 | 0 | 1200 | ४३,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

साथै यस प्रा.लि. को लागि Documentation Offficer (Female) -१ को पनि आवश्यक भएकोले इच्छुक आवेदकहरुले सम्पर्क गर्नुहोला । उक्त क्षेत्रमा ज्ञान भएको वा अनुभवी आवेदकलाई मान्यता दिइनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९०⁄०७३⁄०७४

Best H. R. Solutions Pvt. Ltd.

Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446,4957800
Mobile: (Gyanu: 9860206621, Sujan: 9851136184, Shiva: 9841357054)
Email: besthrsolutionpvtltd@gmail.com



## Free Visa!! Free Ticket!! Free Recruitment !!
## कतारमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : TEYSEER SERVICES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ | LT. No. 291022 | चलानी नं. ६०२०६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clerical | 1 | 0 | 2100 | ७७,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 4 | 0 | 1500 | ५५,११५ | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1900 | ६९,८१५ | | | | | | | |
| 4 | Labour | 10 | 0 | 1000 | ३६,७४५ | | | | | | | |
| 5 | Supervisior | 2 | 0 | 2500 | ९१,८६५ | | | | | | | |
| 6 | Technician | 5 | 0 | 1100 | ४०,४२० | | | | | | | |
| 7 | Waiter | 4 | 0 | 1400 | ५१,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क⁄-

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE | श्रम ईजाजत नं. ८२२⁄०६६⁄०६७

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356847, 9802356846, 9863194839, 9863194834, 9963194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HEVEABOARD BERHAD

पूर्व स्वीकृति मिति २०८०/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०८ | LT No : 295203 | चलानी नं ६०२१०३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५⁄०५९⁄०६०

B.M. Overseas Pvt. Ltd.

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD VILLAGE RESTAURANTS TO SERVE MEALS

पूर्व स्वीकृति मिति : २०७९/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/०८ | LT. No. 264903 | चलानी नं. ६०२०१०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५४२⁄०६१⁄०६२

MBK OVERSEAS PVT. LTD.

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OIA CAFE IS ENOUGH TO SERVE DRINK

पूर्व स्वीकृति मिति २०८०/११/०८ | LT. No. 300318 | चलानी नं. ६०२१५०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweet Maker | 1 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००⁄०६८⁄०६९

Honesty Overseas Pvt.Ltd.

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np


## बकैया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

### क्याटलग सपिङ्ग विधिबाट ट्राक्टर खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/०९**

यस कार्यालयको लागि देहायका मेशिनरी (ट्राक्टर) सार्वजनिक खरिद ऐन, २०६३ संसोधन सहितको दफा ८ को उपदफा १ (क ८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ संसोधन सहितको नियम ३१ (ख) (१) बमोजिम त्यस्तो मेशिनरी उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा निवेदन दर्ता हुनुपर्ने र दर्ता भएका निवेदनहरु सोही दिन दिनको २:०० बजे दिउँसो नियमानुसार खोलिने (सो दिन सार्वजनिक बिदा भएमा बिदा पछिको कार्यालय खुलेको दिन) हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | सवारी साधनको नाम | सक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | BRM/ Cat/01/080-081 | Tractor | • Farm Tractor, Four Wheel drive, suitable for farm work driving giving smooth economic performance and in suitable for hilly area in Nepal Ground Clearance should be minimum 360 mm. Total weight of vehicle shall not be less than 2000 kgs. 4WD. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

अन्य विस्तृत जानकारीको लागि कार्यालयको जिन्सी शाखामा (९८४५९०४६८२) सम्पर्क राख्न सकिनेछ साथै स्पेशिफिकेसनको लागि गाउँपालिकाको वेभसाईट : www.bakaiyamun.gov.np मा हेर्न सकिनेछ ।


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १४१० |

## बेलायतको ११ अर्ब ७० करोड अनुदान




■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त अधिराज्यले व्यवसायमा नेपाल (नेपाल इन् बिजनेस-एनआइबी) र हरित विकास कार्यक्रम (ग्रीन ग्रोथ प्रोग्राम-जिजिपी) परियोजना कार्यान्वयन गर्न सात करोड स्टर्लिङ पाउण्ड (करिब रु ११ अर्ब ७० करोड) अनुदान उपलब्ध गारउने भएको छ । आगामी सात वर्षसम्म दुवै परियोजना सञ्चालन हुने छन् । अनुदान सोही अवधिका निम्ति प्रदान गरिएको हो ।

नेपालको भ्रमणमा रहेका अफ्रिकाका निम्ति बेलायतका विकास मन्त्री एन्ड्रु मिचेल र अर्थमन्त्री डा. प्रकाशशरण महतको उपस्थितिमा अनुदान सहायतासम्बन्धी सम्झौतापत्रमा अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा उक्त मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपाल र यहाँस्थित बेलायती दूतावासका विकास निर्देशक पिपा बर्डले हस्ताक्षर गरे । यो अनुदानमा प्राविधिक सहायता र वैदेशिक विकास सहायता पनि समावेश गरिएको छ ।

अर्थ मन्त्रालयका अनुसार एनआइबी कार्यक्रमबाट प्राप्त हुने अनुदान नेपालको समग्र आर्थिक विकास, गरिबी निवारण र समग्र आर्थिक समृद्धिको बाटो निर्धारणमा सहयोग गर्ने अपेक्षा गरिएको छ । यो कार्यक्रमले साना तथा मझौला उद्यमलाई सहयोग गर्नेछ । साना तथा मझौला उद्यमलाई उत्पादनमा जोड्ने र त्यस्ता व्यवसाय विकासका लागि वित्तपोषण गर्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी, हरित नेपाल विकास कार्यक्रमले उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न, जलवायु अनुकूलित पूर्वाधार निर्माण गर्न, दिगो आर्थिक नीतिलाई सुदृढ गर्न र आर्थिक सहजीकरण गरी समावेशी विकासका लागि सहयोग गर्नेछ । त्यस्तै, प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्रमा सुधार र जलवायु अनुकूल लगानी परियोजना विकासमा योगदान गर्ने बताइएको छ ।

त्यस अवसरमा अर्थमन्त्री महतले नेपाल-बेलायत सम्बन्धबारे चर्चा गर्दै नेपालको सामाजिक-आर्थिक विकासका प्राथमिकतालाई पूरा गर्न बेलायत सरकारले निरन्तर सहयोग गरेकमा आभार व्यक्त गरे । उनले नेपालको आर्थिक वृद्धि, दिगोपन प्रवर्द्धन, गरिबी घटाउनेलगायत महत्वपूर्ण कार्यक्रम कार्यान्वयनका निम्ति अनुदान उपयोगी हुने विश्वास व्यक्त गरे । 'आर्थिक रूपान्तरण, जलवायु परिवर्तनका मुद्दा, सामाजिक सेवा तथा समावेशीकरणका लागि पनि अनुदानबाट सञ्चालन हुने कार्यक्रम महत्वपूर्ण छन्', उनले भने ।

बेलायतीमन्त्रीले आर्थिक रूपान्तरण, जलावायु परिवर्तनका प्रभावसँग सम्बन्धित विषय, सबल सामाजिक सेवा प्रवाह, समावेशिता प्रवर्द्धनमा सहयोग र सहकार्यका प्रशस्त क्षेत्र रहेका बताए ।

## बैंकिङ क्षेत्र सक्षम र सबल छ : राष्ट्र बैंक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले सर्वसाधारणको निक्षेप पूर्ण रूपमा सुरक्षित रहेको स्पष्ट पारेको छ । केही व्यक्ति तथा समूहले दिएको अभिव्यक्ति र दुष्प्रचारप्रति ध्यानाकर्षण भएको भन्दै राष्ट्र बैंकले पछिल्लो अवस्था हेर्दा समग्र बैंकिङ क्षेत्र सक्षम र सबल रहेको स्पष्ट पारेको हो ।



राष्ट्र बैंकले मंगलबार एक विज्ञप्ति जारी गर्दै 'बैंक तथा वित्तीय संस्था सञ्चालनको पछिल्लो अवस्था हेर्दा समग्र बैंकिङ क्षेत्र सक्षम र सबल रहेको र यस बैंकले बैंक तथा वित्तीय संस्थाको कारोबारको नियमित निगरानी गरिरहेकोले सर्वसाधारणको निक्षेप पूर्ण रूपमा सुरक्षित रहेको ब्यहोरा अनुरोध छ', भन्दै बैंकिङ क्षेत्र समस्यामा नरहेको जनाएको छ ।

बैंकिङ जस्तो संवेदनशील क्षेत्रप्रति सर्वसाधारणलाई भ्रमित गर्न दुष्प्रचार गर्ने कार्यको पछाडि नलागी सम्बद्ध लगानीकर्ता, निक्षेपकर्ता, ग्राहक तथा सरोकारवालालाई ढुक्कसँग नियमित रूपमा बैंकिङ कारोबार गर्न बैंकले आग्रह गरेको छ । पछिल्लो समयमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको पुँजीकोषको अवस्था, कर्जा निक्षेप अनुपातको अवस्था एवम् तरलताको अवस्थासम्बन्धी परिसूचकहरू निर्देशनअनुरूप नै रहेको पनि बैंकले जनाएको छ ।

'कुनै बैंक तथा वित्तीय संस्थामा यी परिसूचकहरू तथा कर्जा, संस्थागत सुशासन लगायतका अन्य विषयमा कुनै समस्या देखिएमा यस बैंकले समय समयमा आवश्यक निर्देशन दिई सुधार गराउँदै आइरहेको ', राष्ट्र बैंकले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणको निक्षेप परिचालन गर्ने हुँदा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दँदा र निरीक्षण/सुपरिवेक्षण गर्दा समेत सर्वसाधारणको निक्षेपको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेको हुने स्पष्ट पारेको छ ।

विशेष गरी राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले बैंक तथा वित्तीय संस्था धराशायी भएको निरन्तर टिप्पणी गर्दै आएका छन् ।

## नेप्से परिसूचक सामान्य अंकले घट्यो

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य गिरावट देखिएको छ । परिसूचक एक दशमलव ७६ अङ्कले घटेर दुई हजार ३३ दशमलव ०६ को विन्दुमा कायम भएको हो । तीन सय १४ कम्पनीको ९३ लाख ४२ हजार पाँच सय ४६ कित्ता शेयर ७६ हजार आठ सय तीनपटक खरिदबिक्री हुँदा रु तीन अर्ब ११ करोड ३५ लाख ५६ हजार बराबरको कारोबार भएको छ ।

विकास बैंक समूहको उपसूचक शून्य दशमलव २५, वित्त समूह शून्य दशमलव ७२, लगानी समूह शून्य दशमलव १८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७१ र अन्य समूह एक दशमलव १० प्रतिशतले बढेका छन् । अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ समूह शून्य दशमलव ४२, होटल तथा पर्यटन समूह शून्य दशमलव १८, जलविद्युत् समूह शून्य दशमलव ३१, जीवन बीमा समूह शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव ७४, म्युचुअल फन्ड शून्य दशमलव ०५, निर्जीवन बीमा समूह शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ३५ प्रतिशतले घटेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ग्रिनलाइफ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३१ करोड ७३ लाख ७० हजार नौ सय ९८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फन्डको पाँच लाख २९ हजार सात सय ३१ कित्ता शेयर किनबेच भएको छ ।

## ग्लोबल आइएमईको पाँचथरमा शाखा बिस्तार

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
शाखारहित बैकिङ्ग सेवा: फिदिम शाखा अन्तर्गत
फिदिम नगरपालिका - १२, डेरी बजार, पाचथर
प्रतिनिधिको नाम: दिपेन्द्र दवाडी (PI742)
सम्पर्क नम्बर:
प्रतिनिधि: ९८५२६६३८६२
बैंक शाखा प्रबन्धक: ९८०२२६१०७४/०२४-५२२९९०

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले पाँचथर जिल्लाको फिदिम नगरपालिका वडा नं. १२, डेरी बजारमा सोमबारदेखि नयाँ शाखा रहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । यससँगै बैंकको शाखा रहित बैंकिङ सेवाहरूको संख्या २७५ पुगेको छ ।

शाखा रहित बैंकिङ सेवाको उद्घाटन फिदिम नगरपालिकाका उपमेयर राधाकृष्ण न्यौपाने, वडा नं. १२ का अध्यक्ष कमल प्रसाद चापागाईं तथा बैंकका सहायक महाप्रबन्धक दिलिप पोखरेलले संयुक्तरूपमा गरेका हुन् ।

शाखा रहित बैंकिङ सेवाबाट ग्रामीण क्षेत्रका बासिन्दाले स्थानीय प्रतिनिधि मार्फत विभिन्न बैंकिङ सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी लगायतका सेवा लिन सक्ने छन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५५ शाखा कार्यालय, ३७८ एटिएम, २७५ शाखा रहित बैंकिङ सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

'सबैका लागि बैंक' भन्ने नाराका साथ बैंकले ४६ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

## जिम्मेवारी पूरा नगर्नेलाई कारबाही गर्ने चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आफैंले तय गरेका कार्यक्रम, योजना र बजेट कार्यान्वयनमा ध्यान नदिने तथा जिम्मेवारी पूरा नगर्ने विभागीय प्रमुख तथा आयोजनाका पदाधिकारीलाई कारबाही गर्ने चेतावनी दिएका छन् ।

चालु आर्थिक वर्षको आठ महिनासम्म पनि तोकिएको योजना कार्यान्वयनमा नजाने, बजेट कार्यान्वयनमा लापर्वाही गर्नेलाई कारबाहीको दायरामा ल्याइने मन्त्री बस्नेतको भनाइ छ । मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको ऊर्जा क्षेत्र र कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन महत्वपूर्ण ठानिएको सिँचाइ क्षेत्रमा तोकिएअनुसार काम नभएकामा आपत्ति प्रकट गर्दै उनले मन्त्रालयका सम्वद्ध अधिकारी, सम्बन्धित विभागका प्रमुख तथा आयोजनाका पदाधिकारीलाई कारबाही गर्नुको विकल्प नभएको उल्लेख गरे ।

ऊर्जा मन्त्रालयमा आयोजित छलफलमा मन्त्री बस्नेतले भने, 'कानुनीरूपमा रहेको समस्या समाधान गर्न राजनीतिक नेतृत्व र कर्मचारीको नेतृत्व लागिपरेको छ । बजेट उपलब्ध गराइएको छ । आवश्यक सहजीकरण भएको छ । यति हुँदा पनि काम हुन नसक्नुको कारण पेश गर्नु आवश्यक छ ।'

वन क्षेत्रको जग्गा प्रयोगमा देखिएको समस्या समाधानका लागि विशेष पहल भएको तथा जग्गा प्राप्तिमा सहजीकरण गरिएको भए पनि विभिन्न बाहाना देखाएर आयोजना प्रमुख कार्यस्थलमा नबस्ने प्रवृत्ति मौलाएको मन्त्री बस्नेतले बताए ।

'पहिलो चरणमा ऊर्जा र सिँचाइका सम्बन्धित विभागका प्रमुखले यसबारे छलफल गर्नुस् । समस्या कहाँ छ पहिचान गर्नुस् । एकले अर्कोलाई दोष लगाएर पन्छने काम नगर्नुस् । आयोजना प्रमुखले नै जिम्मेवारी पूरा नगरेको पाइए उनीहरूलाई परिवर्तन गर्नुस् । सही व्यक्तिलाई जिम्मेवारी दिनुस्', मन्त्री बस्नेतले भने ।

विशेष गरी पटकपटक छलफल गरेर समस्या समाधानको पहल गरिए पनि सिँचाइतर्फका आयोजनामा गति कायम हुन नसकेको उल्लेख गर्दै मन्त्री बस्नेतले जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीलाई किन त्यसो भएको हो भनेर प्रश्न गरे । 'समस्या समाधानका लागि मन्त्री, सचिव स्तरमा लगातार पहल भएको छ । प्रधानमन्त्री आफैंले पनि पहल गर्नुभएको छ । तर, २३ माइलस्टोनको काम हालसम्म सुरु हुन नसक्नुको कारण के हो ?', उनले जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ओलीलाई प्रश्न गरे, 'आफैंले तय गरेको माइलस्टोन किन पूरा गर्न सक्नुहुन्न । समस्या के हो ?'

आयोजना प्रमुख कार्यस्थलमा नबस्ने, प्रक्रियाको नाममा लामो समयसम्म आयोजना लम्ब्याउने प्रवृत्ति सह्य नभएको उल्लेख गर्दै मन्त्री बस्नेतले आफू मातहतका कर्मचारीलाई जिम्मेवार बनाउन निर्देशन दिए । सो छलफलमा ऊर्जा सचिव गोपाल सिग्देल, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी, जल तथा ऊर्जा आयोगका सचिव सरिता दुवाडी, मन्त्रालयका उच्च पदस्थ कर्मचारी र विभागिय प्रमुखको सहभागिता थियो ।

**वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरू:**

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं ।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन तथा कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका बारेमा जानकारी राखौं ।

**याद राखौं:**

- आफूखुशी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं ।

**कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ